आज मिति २०७४ माघ ७ गतेका दिन व्यास नगरपालिका नगर कार्यपालिका प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णयहरु निम्नानुसार रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| - नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| - नगर उपप्रमुख | श्री मिरा जोशी | ,, |
| - वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | ,, |
| - वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपान | ,, |
| - वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | ,, |
| - वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | ,, |
| - वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | ,, |
| - वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | ,, |
| - वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | ,, |
| - वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | ,, |
| - वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुंवर | ,, |
| - वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | ,, |
| - वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | ,, |
| - कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | ,, |
| - कार्यकारीणी सदस्य | श्री कल्पना पोखेल | ,, |
| - कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | ,, |
| - कार्यकारीणी सदस्य | श्री सुनसरी गुरुङ | ,, |
| - कार्यकारीणी सदस्य | श्री अमृतबहादुर नेपाली | ,, |
| - कार्यकारीणी सदस्य | श्री मधुमाया घर्ती | ,, |
| - कार्यकारीणी सदस्य | श्री नरीमाया राना | ,, |
| - सदस्य सचिव कार्यकारी अधिकृत | श्री हरिप्रसाद बास्तोला | ,, |
| - सामान्य प्रशासन शाखा | श्री कुमारकञ्चन जि.सी | ,, |
| - लेखा अधिकृत | श्री मेघनाथ आचार्य | ,, |
| - इन्जिनियर | श्री रबिन्द्रलाल मुल | ,, |

**<u>निर्णय नं १:</u>** व्यास नगरपालिका वडा नं ३ मा रहेको दमौली अस्पताल २५ शैया रहेकोमा बिरामीको संख्या दिनानुदिन बढ्दो चापकाका कारण उक्त अस्पताललाई २५ शैयाबाट वृद्धि गरी ५० शैयाको अस्पतालमा स्तरोन्नति गर्नका लागि नेपाल सरकार स्वास्थ्य मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो । साथै हाल दमौली अस्पतालसँग जोडिएको कृषि विकास कार्यालय र पशु सेवा कार्यालयको स्वामित्वमा रहेको करिब ४० रोपनी जग्गाबाट २२ रोपनी जग्गा र अस्पतालसँग जोडिएको प्रहरी प्रमुखको आवासको करिब ३ रोपनी जग्गा उपलब्ध गराउन सम्बन्धित निकायमा पत्रचार गर्ने समेत निर्णय गरियो ।

**<u>निर्णय नं २:</u>** यस व्यास नगरपालिकाको निर्वाचन पछिको दोस्रो नगर सभा २०७४ साल माघ २६ गते शुक्रबार दिनको १.०० बजे व्यास नगरपालिका परिशरमा गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ३:</u>** यस व्यास नगरपालिका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुका लागि सुनौलो विदाई कार्यक्रम (Golden HandCheck) प्रशासनिक समितिको सिफारिस अनुसार अगाडि बढाउने निर्णय गरियो । Golden HandCheck गर्दा नियमानुसार/बिदा, उपदान, उपचार खर्चका अतिरिक्त स्वेच्छिक अवकाशमा सहभागी कर्मचारीको उमेर ५३ बर्षसम्मको रहेछ भने निजले हाल खाइपाई आएको २ (दुई) बर्ष बराबरको तलब रकम एकमुष्ठ उपलब्ध हुनेछ, स्वेच्छिक अवकाशमा सहभागी कर्मचारीको उमेर ५५ बर्षसम्मको रहेछ भने निजले हाल खाइपाई आएको १½ (डेढ) बर्ष बराबरको तलब रकम एकमुष्ठ उपलब्ध हुनेछ, स्वेच्छिक अवकाशमा सहभागी कर्मचारीको उमेर ५७ बर्षसम्मको रहेछ भने निजले हाल खाइपाई आएको (१) एक बर्ष बराबरको तलब रकम एकमुष्ठ उपलब्ध हुने छ र स्वेच्छिक अवकाशमा सहभागी कर्मचारीको उमेर ५७ बर्षसम्म भन्दा माथि रहेछ भने निजले हाल खाइपाई आएको (६) छ महिना बराबरको तलब रकम एकमुष्ठ उपलब्ध हुनेछ ।

**<u>निर्णय नं ४:</u>** यस व्यास नगरपालिका बोर्डका निर्णय, न्यायिक समितिका निर्णयहरु कार्यान्वयन गर्ने लगायत फुटपाथलाई व्यवस्थित गर्न हाल भइरहेको नगर प्रहरीको जनशक्ति ज्यादै नै न्यून भएकाले पाँच जना महिला प्रहरी र १० जना पुरुष नगर प्रहरीको दरबन्दी सिर्जना गर्न र पदपूर्ति गर्न आगामी नगर सभा समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ५:</u>** व्यास नगरपालिका कार्यालयका लागि एक (१) जना आई.टी. अधिकृत र दमौली अस्पताल तथा वर्थिङ्ग सेन्टरहरुमा आवश्यक अ.न.मी.हरुको पदपूर्ति गर्न गठित छनौट समितिको सिफारसि अनुसार निम्न पदमा निम्न व्यक्तिहरुलाई नियुक्ति दिने निर्णय गरियो ।

**(क) <u>सूचना प्रविधि अधिकृत</u>:** १. विशाल पण्डित **<u>वैकल्पिक उम्मेदवार</u>:** १. मिलन वानिया

**<u>(ख) अ.न.मी:</u>** १. प्रगती गुरुङ्ग २. शान्ति लामिछाने खनाल ३. नारायणी थापा ४. सरिता थापा

**<u>बैकल्पिक उम्मेदवार</u>:** १. आरती काफ्ले २. सुशिला स्यावा परियार

**<u>निर्णय नं ६:</u>** दमौलीमा रहेको खानेपापनीको समस्या समाधानका लागि दमौली खानेपानी संस्था र वडा नं २, ३ र ४ वडा समितिको बैठक राखी गहन छलफल गर्ने र यसको संयोजन उपप्रमुख श्री मीरा जोशीलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**<u>निर्णय नं ७:</u>** यस व्यास नगरपालिकाका निम्न वडा कार्यालय भवन निर्माण गर्न निम्न अनुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।

(क) वडा नं १/ २०,००,०००। (बीस लाख)
(ख) वडा नं ४/ २०,००,०००। (बीस लाख)
(ग) वडा नं १०/ २०,००,०००। (बीस लाख)
(घ) वडा नं ११/ १०,००,०००। (दश लाख) तला थप
(ङ) वडा नं ७ तारवार (कम्पाउण्ड) लगाउने

**<u>निर्णय नं ८:</u>** दमौली स्थित मादी नदीको पुल संरक्षण गर्न अति आवश्यक देखिएकाले संरक्षण गर्न पुलदेखि ५०० मिटरमाथि (वालुवा, ढुंगा, गिटी झिक्ने कार्यलाई रोक्न) इष्टिमेट गरी छेकवार लगाउने निर्णय गरियो ।

**<u>निर्णय नं ९:</u>** खेलकुद सम्बन्धी संस्थाहरु बीच समन्वय गरी खेलकुद कार्यक्रमलाई अगाडि बढाउन वडा नं ५ का वडाध्यक्ष श्री मोहनकुमार श्रेष्ठलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं १०:** यस व्यास नगरपालिकाको निर्वाचन पछिको दोस्रो नगर सभा यही २०७४ साल माघ २६ गते हुने भएकाले सो नगर सभा व्यवस्थित रुपमा सम्पन्न गर्नका लागी निम्न अनुसारको तयारी उपसमिति गठन गर्ने निर्णय गरियो ।

१. हरिप्रसाद वांस्तोला - संयोजक

२. कुमारकन्चन जि.सी -सदस्य

३. राजेन्द्र कार्की -सदस्य

४. मेघनाथ आचार्य -सदस्य

५. रविन्द्रलाल मुल -सदस्य

६. मोहन सिहं खड्का -सदस्य

७. गोकर्णराज वाग्ले -सदस्य

८. कृष्णराज घिमिरे -सदस्य

९. निर्मल वाग्ले -सदस्य

१०. कृष्णप्रसाद पौडेल -सदस्य

**निर्णय नं ११:** यस व्यास नगरपालिका वडा नं. १३ स्थित रहेको श्री पोखरीभन्ज्याङ्ग दुग्ध उत्पादक सहकारी संस्थालाई दुग्ध चिस्याउने एनलाइजर मेशिन खरिद गर्नका लागि ९९,४५०। (उनान्सय हजार चार सय पचास रुपैया) विनियोजन गर्ने निर्णय गरियो ।